दोरम्बा शैलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

बागमती प्रदेश, नेपाल ।

प.सं. २०८०।०८१

च.न १५८८

मिति : २०८०/११/२०

**विषय : विषय विज्ञका लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

श्री सबै तहमा कार्यरत शिक्षकहरु,
दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तगत सञ्चालित सामुदायिक विद्यालयहरुमा करार दरवन्दी, राहत, अनुदान कोटामा शिक्षक, सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको नियुक्ति गर्ने प्रयोजनको लागि दुई वर्षको समयावधी रहने गरी विषय विज्ञको छनोट गर्ने तथा प्रश्न बैंक समेत निर्माण गर्ने प्रयोजनको लागि तपसीलको योग्यता भएका यस गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा कार्यरत शिक्षकहरुले फाल्गुन मसान्तसम्ममा दोरम्बा शैलुङ गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा सम्बन्धित विषय विज्ञका रुपमा सूचीकृत हुनाका लागि निवेदनका साथ तोकिएका कागजातहरु प्रमाणित गरी पेश गर्नुहुन सबै तहका इच्छुक शिक्षकहरुमा जानकारीका साथ अनुरोध छ ।

- **माध्यमिक तह (कक्षा ११ र १२) को विषय विज्ञका लागि पेश गर्नुपर्ने कागजातहरु**

१. जुन विषयको लागि विषय विज्ञमा आवेदन दिने हो सो विषयमा माध्यमिक तह द्धितीय श्रेणीको नियुक्ति पत्रको प्रतिलिपि ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एम.एड.उत्तीर्ण गरेको वा कुनै पनि विषयमा स्नातकोत्तर गरी तालिम प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि ।
३.नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
४. सम्बन्धित तह र विषयमा कम्तिमा ५ वर्षको शिक्षण अनुभवको पत्र । शिक्षक सेवा आयोगले तोकिएको पाठ्यक्रमको सम्बन्धित विषय र तहमा आधारित २ प्रति प्रश्न-पत्र र उत्तर कुञ्जिका ।

- **माध्यमिक तह (कक्षा ९ र १०) को विषय विज्ञका लागि पेश गर्नुपर्ने कागजातहरु**

१. जुन विषयको लागि विषय विज्ञमा आवेदन दिने हो सो विषयमा माध्यमिक तहको नियुक्ति पत्रको प्रतिलिपि ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एम.एड. उत्तीर्ण गरेको वा कुनै पनि विषयमा स्नातकोत्तर गरी तालिम प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि ।
३. सम्बन्धित तहको स्थायी अध्यापन अनुमति-पत्र तथा नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
४. सम्बन्धित तह र विषयमा कम्तिमा १ वर्षको शिक्षण अनुभवको पत्र । शिक्षक सेवा आयोगले तोकिएको पाठ्यक्रमको सम्बन्धित विषय र तहमा आधारित २ प्रति प्रश्न-पत्र र उत्तर कुञ्जिका ।

- **आधारभूत तह (कक्षा ६-८) को विषय विज्ञका लागि पेश गर्नुपर्ने कागजातहरु**

१. जुन विषयको लागि विषय विज्ञमा आवेदन दिने हो सो विषयमा आधारभूत तह (कक्षा ६-८) मा नियुक्ति पत्रको प्रतिलिपि ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा बी.एड. उत्तीर्ण गरेको वा कुनै पनि विषयमा कम्तीमा स्नातक गरी तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि ।
३. सम्बन्धित तहको स्थायी अध्यापन अनुमति-पत्र तथा नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
४. सम्बन्धित तहमा कम्तिमा १ वर्षको शिक्षण अनुभवको पत्र । शिक्षक सेवा आयोगले तोकिएको पाठ्यक्रमको सम्बन्धित विषय र तहमा आधारित २ प्रति प्रश्न-पत्र र उत्तर कुञ्जिका ।

- **आधारभूत तह (कक्षा १-५) तहको विषय विज्ञका लागि पेश गर्नुपर्ने कागजातहरु**

१. आधारभूत तहको नियुक्ति पत्रको प्रतिलिपि ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा बी.एड. उत्तीर्ण गरेको वा कुनै पनि विषयमा कम्तीमा स्नातक गरी तालिम प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि ।
३. सम्बन्धित तहको स्थायी अध्यापन अनुमति-पत्र तथा नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
४. सम्बन्धित तहमा कम्तिमा १ वर्षको शिक्षण अनुभवको पत्र । शिक्षक सेवा आयोगले तोकिएको पाठ्यक्रमको सम्बन्धित विषय र तहमा आधारित २ प्रति प्रश्नपत्र र उत्तर कुञ्जिका ।

..............................
नरेश महतो
नि.प्रमुख प्रशासकिय अधिकृत